रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः १०** **संख्याः ९** **मिति :२०८२-०९-२३ (अतिरिक्तांक)**


भाग-१

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

# सार्वजनिक निजी साझेदारी ऐन २०८२

सम्बत २०८२ को ऐन नं.४ कार्यपालिकाबाट पारित मिति : २०८२-०९-२३

# सार्वजनिक निजी साझेदारी ऐन २०८२

**प्रस्तावना :** सार्वजनिक निजी साझेदारीको माध्यमबाट आर्थिक विकास, पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ उपधारा (१) र स्थानीय सरकार संचालन ऐनको दफा १०१ को उपदफा (१) वमोजिम रुरुक्षेत्र गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** १) यस ऐनको नाम "सार्वजनिक निजी साझेदारी ऐन, २०८२" रहेको छ ।

२) यो ऐन तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) "गाउँपालिका" भन्नाले रुरुक्षेत्र गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले रुरुक्षेत्र गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

ग) "अध्यक्ष" भन्नाले रुरुक्षेत्र गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

घ) "उपाध्यक्ष" भन्नाले रुरुक्षेत्र गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रुरुक्षेत्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) "अनुमतिपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २३ बमोजिम दिईने अनुमतिपत्र सम्झनु पर्छ ।

छ) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ ।

ज) "पूर्वाधार संरचना" भन्नाले सडक, सुरुङ्ग मार्ग, पुल, अस्पताल, नहर, विद्युत उत्पादन गृह, विद्युत प्रसारण लाइन, केबुलकार लाइन, रेल्वे लाइन, ट्रलीबस संरचना, ट्राम वे, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन बिसौनीस्थल, विमानस्थल, प्रदर्शनीस्थल, पार्क, जलाशय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, ऊर्जा उत्पादन तथा वितरण, रङ्गशाला, सार्वजनिक सभागृह, बहुआवासीय भवन, सार्वजनिक गोदामघर, चिस्यान केन्द्र, पार्किङ्ग स्थल, मनोरञ्जन स्थल निर्माण सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

झ) "परियोजना" भन्नाले पूर्वाधार संरचनाको निर्माण वा सञ्चालन गर्न यस ऐन बमोजिम कार्यान्वयन गरिने परियोजना सम्झनु पर्छ ।

ञ) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनर्स्थापन गर्ने कार्य सम्झनु पर्छ ।

ट) "पुनर्स्थापन" भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निर्माण गरी पुनर्स्थापन गर्ने कार्य सम्झनु पर्छ ।

ठ) “मनसायपत्र” भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा १० बमोजिम माग गरिएका मनसायपत्र सम्झनु पर्छ ।

ड) “सर्वेक्षण” भन्नाले परियोजना कार्यान्वयन गर्नका लागि गरिने सर्वेक्षण सम्झनु पर्छ र सो शब्दले परियोजनाको सम्भाव्यता अध्ययन, इन्जिनियरिङ्ग डिजाइन कार्य र त्यसका लागि गरिने अन्वेषण समेतलाई सम्झनु पर्छ ।

ढ) “सम्झौता” भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २० बमोजिम प्रस्तावकसँग गरिएको सम्झौता सम्झनु पर्छ ।

ण) “समिति” भन्नाले दफा ४७ बमोजिमको समिति सम्झनु पर्छ ।

त) “एकाई” भन्नाले गाँउपालिकामा स्थापित सार्वजनिक निजी साझेदारी एकाई भन्ने सम्झनु पर्छ ।

थ) “शुल्क” भन्नाले अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिन पाउने सेवा शुल्क सम्झनु पर्छ ।

द) “उपभोक्ता” भन्नाले यस ऐन बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

ध) “सार्वजनिक निजी साझेदारी” भन्नाले सार्वजनिक सेवासँग सम्बन्धित कुनै परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी सार्वजनिक निकाय तथा निजी संस्था बीच भएको करारीय प्रवन्ध सम्झनु पर्छ ।

न) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २

**परियोजना पहिचान तथा स्वीकृति**

**३. परियोजना पहिचान :** १) गाँउपालिकाले तोकेको क्षेत्र अन्तरगत सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी विवरण अद्यावधिक बनाई राख्नेछ ।

२) उपदफा (१) बमोजिम विवरण राख्दा गाँउपालिकाले सर्भेक्षण भए वा नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ ।

३) गाँउपालिकाले उपदफा (१) बमोजिम परियोजना पहिचान गर्दा समितिको राय लिन सक्नेछ ।

**४. परियोजना कार्यान्वयन :** १) गाँउपालिकाले पूर्वाधार संरचना सम्बन्धी कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा यस ऐन बमोजिम कार्यान्वयन गर्ने गरी व्यवस्था गर्न सक्नेछ ।

२) सार्वजनिक निजी साझेदारी परियोजनामा देहायका विशेषतामध्ये अधिकांश विशेषताहरु संमिश्रण भएको हुनु पर्नेछ :

(क) पूर्वाधार सेवाको निर्माण, पुनर्स्थापना वा आधुनिकीकरण गर्ने उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पूँजी लगानी भएको,

(ख) निजी निकायलाई पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा सञ्चालन तथा मर्मत गर्न दिने गरी परियोजनाको व्यवस्थापन सम्झौता भएको,

(ग) निजी निकायलाई पूर्वनिर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसँग आवद्ध भुक्तानीको व्यवस्था भएको,

(घ) निजी निकायबाट पूर्ण वा आंशिक रुपले आम्दानीको जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

ङ) आयोजनाको निर्माण, व्यवस्थापन वा संचालन सम्बन्धी शर्तहरु तथा अवधी स्पष्ट भएको ।

**५. करारीय ढाँचा :** दफा ३ को अधीनमा रही सार्वजनिक निजी साझेदारीका ढाँचाहरु देहाय बमोजिम हुन सक्नेछन् :

(क) सञ्चालन पूँजी बाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतिको सञ्चालन तथा व्यवस्थापन करार,

(ख) न्यून वा उल्लेखनीय निजी पूँजी आवश्यक पर्ने निर्माण, स्वामीत्वकरण, सञ्चालन तथा हस्तान्तरण करार,

(ग) माथि खण्ड (क) वा (ख) मा उल्लिखित करारका अन्य रुपहरु ।

**६. लगानीको क्षेत्र निर्धारण :** गाँउपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने लगानीको क्षेत्र निर्धारण देहाय बमोजिम गर्नेछ :

(क) भौतिक पूर्वाधार र यातायात (सडक, पुल, विमानस्थल, रेलमार्ग, केवलकार, रोप वे आदि)

(ख) विद्युत् क्षेत्र (उत्पादन, प्रसारण र वितरण सम्बन्धी सबै वा अलग-अलग) तथा अन्य प्रकारका ऊर्जा ।

(ग) सूचना र सञ्चार क्षेत्र ।

(घ) सहरी तथा ग्रामीण वातावरण क्षेत्र (जस्तैः- फोहोरमैला ब्यवस्थापन, पिउने पानी, ढल निकास र सरसफाइ) ।

(ङ) शिक्षा, स्वास्थ्य सम्बन्धी पूर्वाधार तथा सेवा, पर्यटन पूर्वाधार (होटल र आवास बाहेक) का अन्य सबै क्षेत्र ।

(च) सेवा र सुविधाजन्य सहरी पूर्वाधारहरू ।

**७. परियोजना छनौटका आधारहरु :** १) सार्वजनिक निजी साझेदारीमा परियोजना छनोटका आधारहरु देहाय बमोजिम हुनेछन् :

(क) गाँउपालिकाले त्यस्तो परियोजन को लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) परियोजनाको कार्यान्वयनका लागि गरिने खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको,

(ग) परियोजना आर्थिक रुपमा सम्भाव्य भए वा नभएको,

(घ) गाँउपालिका र निजी निकायबीच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको । -

२) सार्वजनिक निजी साझेदारी बमोजिम कुनै परियोजना कार्यान्वयनका लागि छनोट गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछ :

(क) परियोजनाको उद्देश्य पूरा हुने उपयुक्त स्वरुप ,

(ख) परियोजनाका लागि निजी क्षेत्रको साधन, स्रोतको उपलब्धता ,

(ग) परियोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन तथा मर्मत सम्भारमा निजी क्षेत्रले वहन गर्न सक्ने भूमिका ,

(घ) सम्भावित लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था ,

(ङ) उपभोक्ता तथा समुदायले स्वीकार गर्न सक्ने सेवा शुल्क ,

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था ,

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण,

(ज) गाँउपालिकाको आर्थिक तथा व्यवस्थापकीय क्षमता ,

(झ) आयोजना सम्झौताको अवधि उल्लेख ,

(ञ) जटिल प्रकृतिका सार्वजनिक निजी साझेदारी सम्झौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशाधनको उपलब्धता ।

**८. परियोजना स्वीकृत :** १) गाँउपालिकाले कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिए बमोजिमका विवरण खुलाई समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा उक्त परियोजना दफा ४ बमोजिमको तरिकाबाट कार्यान्वयन गर्न सकिने हो भनी उल्लेख गर्नुपर्नेछ ।

३) कुनै परियोजना एक भन्दा बढी तरिकाबाट कार्यान्वयन गर्न सकिने भए सो तरिका उल्लेख गरी स्वीकृत गराउन सकिनेछ ।

**९. सार्वजनिक निजी साझेदारी नहुने परियोजना :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका परियोजना सार्वजनिक–निजी साझेदारी माध्यमबाट कार्यान्वयन गरिने छैन :-

(क) परियोजना सम्बन्धी वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण गाँडी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने,

(ख) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने ,

(ग) सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने ,

(घ) सार्वजनिक कार्यका लागि निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने

,

(ङ) राष्ट्रिय सुरक्षासँग सम्बन्धित परियोजना,

(च) मानव स्वास्थ्य र वातावरणमा प्रतिकुल असर पर्ने परियोजना,

(छ) सार्वजनिक हितका दृष्टिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने प्रकृतिका परियोजना ।

(ज) प्रचलित कानूनले निषेध गरेका परियोजना ।

**१०. मनसायपत्र आव्हान :** १) दफा ८ बमोजिम स्वीकृत परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा समितिले सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम मनसायपत्र पेस गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा तोकिएको समयावधिभित्र समिति समक्ष मनसायपत्र पेस गर्नु पर्नेछ ।

**११. संक्षिप्त सूची तयार :** समितिले मनसायपत्र प्राप्त भएको मितिले एक महिनाभित्र तोकिएको आधारमा मनसायपत्र पेस गर्ने व्यक्ति वा संस्था छनौट गरी सो को संक्षिप्त सूची तयार गर्नु पर्नेछ ।

**१२. प्रस्ताव आहवान :** १) समितिले दफा ११ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सो सूचीमा परेका मनसायपत्र पेस गर्ने व्यक्ति वा संस्थाबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई प्रस्ताव आह्वान गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लेखित समयावधिभित्र समिति समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ ।

**१३. सोझै प्रस्ताव आह्वान :** १) दफा १२ मा जुनसुकै कुरा लेखिएको भएतापनि पहिले नै सर्वेक्षण भइसकेको वा तोकए बमोजिम भन्दा कम लागतको परियोजना भए समितिले गाँउपालिकाको

सिफारिसमा तोकिएको कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोझै प्रस्ताव आह्वान गर्न सक्नेछ ।

२) उपदफा १ बमोजिम प्राप्त प्रस्तावहरु प्रतिस्पर्धाको प्रक्रियाद्वारा स्वीकृत गरिनेछ ।

**१४. प्रस्ताव छनौट :** १) दफा १२ वा १३ बमोजिम समिति समक्ष प्रस्ताव प्राप्त भएको मितिले ६० दिनभित्र देहायका आधारमा समितिले प्रस्ताव छनौट गर्नेछः

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) गाँउपालिकालाई बुझाउने प्रस्तावित रोयल्टी रकम,

(ङ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क,

(च) तोकिए बमोजिमका अन्य विवरण ।

२) उपदफा (१) बमोजिम समितिले प्रस्ताव पेस गर्नु अघि प्रस्ताब छनोटका आधारहरु प्रस्तावकलाई उपलब्ध गराउनेछ ।

३) उपदफा (१) बमोजिम छनोट भएका प्रस्ताबको जानकारी ७ दिन भित्र प्रस्तावकलाई दिनु पर्नेछ ।

**१५. वार्ताद्वारा परियोजना कार्यान्वयन :** १) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्तिमा दुईपटक मनसायपत्र वा प्रस्ताव आह्वान गर्दा पनि आवश्यक सङ्ख्यामा मनसायपत्र वा प्रस्ताव छनोट हुन नसकेको परियोजना समितिले गाँउपालिकाको सिफारिसमा वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिब हुने भनी समितिले स्वीकृति दिएमा त्यस्तो परियोजना वार्ताद्वारा कार्यान्वयन गराउन सकिनेछ

(क) परियोजनाको प्रकृति वा लागतको कारण प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(ग) अन्य कुनै कारणले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न उपयुक्त भएको ।

३) उपदफा (२) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएका कुराहरु खुलाई गाँउपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

४) उपदफा (३) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा वार्ताद्वारा सो परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा गाउँपालिकाले निवेदकसँग वार्ता गरी कार्यान्वयन गराउन सक्नेछ ।

५) यस दफा बमोजिम वार्ताद्वारा परियोजना कार्यान्वयन गर्दा समितिले निवेदकसँग दफा १८ बमोजिमको वा अन्य आवश्यक विवरण माग गर्न सक्नेछ ।

**१६. वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन :** १) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नका लागि कुनै व्यक्ति वा संस्थाले समिति समक्ष निवेदन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिब देखिएमा समितिले गाउँपालिका को स्वीकृति लिई त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति वा संस्था स्वयंले व्यहोर्नु पर्नेछ ।

४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति वा संस्था छनोट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनका लागि छनोट भएको प्रस्ताव स्वीकृत हुने व्यक्ति वा संस्थाले व्यहोर्नु पर्नेछ ।

**१७. समझदारी-पत्र :** दफा १४ बमोजिम प्रस्ताव छनोट गरेपछि वा दफा १५ को उपदफा (५) बमोजिम माग गरिएको विवरणका आधारमा परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावकसँग परियोजनाको कार्यान्वयन गर्ने सम्बन्धमा लिखित समझदारी गर्नु पर्नेछ । तर परियोजनाको प्रकृति हेरी समितिले प्रस्तावकसँग प्रारम्भिक परियोजना सम्झौता गर्न सक्नेछ ।

**१८. परियोजनाको विवरण :** १) दफा १७ बमोजिम समझदारी-पत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो समझदारी-पत्र वा प्रारम्भिक परियोजना सम्झौतामा उल्लिखित समयावधिभित्र र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा परियोजनाको प्रकृति हेरी ६ महिनामा नबढ्ने गरी समितिले तोकेको समयावधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन सम्बन्धी तोकिए बमोजिमका विवरणहरु समिति समक्ष पेस गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेस गर्न नसक्ने कुनै मनासिब कारण देखाई समयावधि थपका लागि निवेदन दिएमा समितिले बढीमा तीन महिनाको समयावधि थप गरिदिन सक्नेछ ।

**१९. रद्द गर्न सक्ने :** १) दफा १८ बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेस नगरेमा वा त्यसरी पेस गरिएको विवरण अध्ययन गर्दा परियोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा समितिले त्यसको कारण खुलाई प्रस्तावकसँग समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेको भए त्यस्तो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा निजको प्रस्ताव रद्द गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम समझदारीपत्र, प्रारम्भिक परियोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले समिति वा गाउँपालिकासँग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

## परिच्छेद-३

### अनुमतिपत्र सम्बन्धी व्यवस्था

**२०. सम्झौता गर्ने :** १) दफा १८ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा समितिले प्रस्तावकसँग आवश्यकतानुसार परामर्श गरी सम्झौता गर्नेछ ।

२) उपदफा (१) बमोजिम संझौता गर्नुपूर्व समितिले गाउँपालिकासँग परामर्श गर्नेछ ।

३) उपदफा (१) बमोजिम संझौतामा समितिको तर्फबाट सदस्य सचिबले हस्ताक्षर गर्नेछ ।

४) प्रस्तावकले दफा १८ को उपदफा (१) बमोजिमको विवरण संझौतामा लेखिएको अवधिभित्र पेस गर्नु पर्नेछ ।

५) सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेस गर्न नसकेमा प्रस्तावकसँग गरेको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

**२१. सम्झौतामा खुलाउनु पर्ने कुराहरु :** सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) परियोजनाको विवरण,

(ख) परियोजना कार्यान्वयन सुरु र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(च) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) परियोजना लिजमा दिइएको भए सोको विवरण र लिजका शर्तहरु,

(झ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(ञ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क,

(ट) परियोजनाको बीमा ,

(ठ) परियोजनामा जडित मेसिन तथा परियोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ड) गाउँपालिकालाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(ढ) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) परियोजनामा गाउँपालिकाको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत प्राप्त गर्ने प्रतिफल,

(त) परियोजनाको मर्मत सम्भार सम्बन्धी व्यवस्था,

(थ) अन्य आवश्यक कुराहरु ।

**२२. परफर्मेन्स वण्ड सम्बन्धी व्यवस्था :** प्रस्तावकले परफर्मेन्स वण्ड बापत परियोजनाको कूल लागतको शून्य दशमलव पाँच (०.५) प्रतिशत भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेन्टी सम्झौतामा उल्लिखित समयावधिभित्र समिति समक्ष दाखिला गर्नु पर्नेछ ।

**२३. अनुमतिपत्र :** दफा २० बमोजिम सम्झौता गरेपछि गाउँपालिकाले प्रस्तावकलाई परियोजनाको कार्यान्वयन गर्न अनुमतिपत्र दिनेछ ।

**२४. रीत पुगेको मानिने :** १) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम समितिबाट परियोजना स्वीकृत भई दफा २३ बमोजिम अनुमतिपत्र प्राप्त गरेकोमा त्यस्तो अनुमतिपत्र प्रचलित कानूनको रीत पुऱ्याई जारी भएको मानिनेछ ।

२) उपदफा (१) बमोजिम जारी भएको अनुमतिपत्रका शर्तहरु उपर अनुमतिपत्र बहाल रहेको अवधिभर प्रतिकुल हुने गरी कुनै कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र सम्झौताको प्रतिकुल हुने गरी गरिएको कुनै पनि कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुने छैन ।

**२५. अन्य व्यक्ति वा संस्थालाई अनुमतिपत्र नदिइने :** परियोजनाको कार्यान्वयन गर्नका लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतिपत्र दिई सकेपछि सोही क्षेत्रमा सो परियोजनालाई प्रतिकुल असर पर्ने गरी त्यस्तै किसिमको परियोजना को कार्यान्वयन गर्न अन्य व्यक्ति वा संस्थालाई अनुमतिपत्र दिइने छैन ।

**२६. अनुमतिपत्रको अवधि :** १) अनुमतिपत्रको अवधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी अनुमतिपत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाई अवधि थपका लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा कार्यपालिकाको स्वीकृति लिई समितिले बढीमा ५ वर्षसम्म अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

३) अनुमतिपत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिनेछ ।

**२७. अनुमतिपत्र रद्द :** १) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम, निर्देशिका वा सम्झौता विपरित कुनै काम गरेमा कार्यपालिकाको स्वीकृतिमा समितिले अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थासँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

३) यस दफा बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले समिति वा गाउँपालिकासँग कुनै किसिमको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

**२८. रोयल्टी :** रोयल्टी बुझाउने गरी सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित तरिकाबाट गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

**२९. परियोजना हस्तान्तरण :** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सम्झौतामा लेखिए बमोजिम गाउँपालिकालाई परियोजना हस्तान्तरण गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालु अवस्थामा हुनु पर्नेछ ।

**३०. गाउँपालिकाको स्वामित्व :** दफा २९ बमोजिम हस्तान्तरण भएको परियोजना र सोसँग सम्बन्धित घर जग्गा तथा उपकरणको स्वामित्व गाउँपालिकाको हुनेछ ।

## परिच्छेद-४

## अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाको अधिकार तथा सुविधा

**३१. राष्ट्रियकरण नगरिने** : अनुमतिपत्रको अवधिभर कुनै पनि परियोजना र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना राष्ट्रियकरण गरिने छैन ।

**३२. शुल्क उठाउन पाउने :** अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग तोकिए बमोजिमको शुल्क उठाउन सक्नेछ ।

**३३. घर जग्गा आदिमा प्रवेश :** १) परियोजना कार्यान्वयनको सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले कुनै घर, जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्सा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसका लागि आवश्यकतानुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनका लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न वाली वा हुर्केका रुख विरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेसिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सो गर्न सक्नेछ ।

३) उपदफा (१) बमोजिम घर, जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति वा संस्था तथा सोको कारणबाट प्रभावित हुने व्यक्ति वा संस्थाको उपस्थितिमा प्रवेश गर्नु पर्नेछ ।

**३४. घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध :** १) परियोजना कार्यान्वयनको सिलसिलामा परियोजना स्थल र त्यसको निश्चित दुरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा

लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले गाउँपालिका समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा कार्यपालिको स्वीकृति लिई समितिले प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ। तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्ति वा संस्थालाई पर्न गएको हानि नोक्सानी बापतको क्षतिपूर्ति अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले व्यहोर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिम दिईने क्षतिपूर्ति निर्धारण गर्नका लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्बन्धित व्यक्ति वा संस्थालाई वास्तविक रुपमा पर्न गएको हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ।

३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले ३५ दिनभित्र समिति समक्ष उजुरी गर्न सक्नेछ।

४) उपदफा (३) बमोजिम परेको उजुरी उपर ३ महिनाभित्र निर्णय गरिसक्नु पर्नेछ र सो उजुरीका सम्बन्धमा समितिले गरेको निर्णय अन्तिम हुनेछ।

**३५. घर जग्गाको व्यवस्था :** १) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले परियोजना कार्यान्वयनका लागि आवश्यक पर्ने घर जग्गा आफैले खरिद गरी वा अन्य रुपमा व्यवस्था गर्नु पर्नेछ।

२) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था ले उपदफा (१) बमोजिम खरिद गर्न त्यसरी खरिद गर्न वा अन्य रुपमा व्यवस्था गर्न नसकेमा र सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु पर्ने उल्लेख भएमा समितिले अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम प्राप्त गराई दिन सक्नेछ।

३) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले व्यहोर्नु पर्नेछ।

४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा परियोजना कार्यान्वयनका लागि आवश्यक भएमा समितिले गाउँपालिकाको स्वीकृति लिई त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम वा लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ।

**३६. परियोजनाको सुरक्षा :** १) परियोजनाको सुरक्षा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था आफैले गर्नु पर्नेछ।

२) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले विशेष कारण देखाई परियोजनाको खास किसिमको सुरक्षाका लागि समितिसँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले व्यहोर्ने गरी त्यस्तो परियोजनाको सुरक्षाको व्यवस्था गर्न गाउँपालिकासँगको समन्वयमा आवश्यक सहयोग गर्नेछ।

**३७. सहयोग उपलब्धता :** १) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा समिति वा गाउँपालिकाले अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ।

२) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले व्यहोर्ने गरी समिति आफैँले त्यस्तो सहयोग उपलब्ध गराउन वा गाउँपालिकाले सम्बन्धित निकायलाई त्यस्तो सहयोग उपलब्ध गराउन लेखी पठाउन सक्नेछ।

**३८. विदेशी विनिमयको सुविधा :** परियोजनाको कार्यान्वयनका लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई त्यस्तो ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नका लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम उपलब्ध गराइनेछ ।

**३९. विष्फोटक पदार्थ वा प्रविधिको प्रयोग :** परियोजनाको कार्यान्वयनका लागि विष्फोटक पदार्थ वा अन्य कुनै आधुनिक प्रविधिको प्रयोग गर्नु परेमा प्रचलित कानून बमोजिम अनुमति प्राप्त गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

**४०. कानून बमोजिमको सुविधा :** यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित कानून बमोजिम उद्योगले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट प्राप्त गर्नेछ ।

**४१. सेवा, सुविधा तथा शर्त :** १) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

## परिच्छेद-५

### लगानी सम्बन्धी व्यवस्था

**४२. लगानीको व्यवस्था :** १) सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक अनुमति प्राप्त व्यक्ति वा संस्थाले परियोजना कार्यान्वयन गर्न आवश्यक लगानीको व्यवस्था स्वयमले गर्नुपर्नेछ ।

२) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले परियोजना अन्तर्गतको घर, जग्गा वा मुख्य मेसिन उपकरण धितो राखी ऋण लिँदा समितिको स्वीकृति लिनुपर्नेछ ।

**४३. संयुक्त लगानीमा परियोजना कार्यान्वयन :** १) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले सम्झौतामा उल्लेख भए बमोजिम कुनै परियोजना कार्यान्वयन गर्न जग्गा उपलब्ध गराएर, स्वपूँजीमा हिस्सेदारी गरेर वा अन्य रुपमा संयुक्त लगानी गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम भएको लगानी परियोजना कार्यान्वयन गर्ने निजी क्षेत्रले गाउँपालिकाको हिस्सा लिन चाहेमा परियोजनाको प्रचलित मूल्यमा हिसाब गरी दिन सकिनेछ ।

**४४. अन्य व्यक्ति वा संस्थासँग सम्झौता :** १) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा लगानी प्राप्त गर्न वा परियोजना बमोजिमको कुनै काम कुनै व्यक्ति वा संस्थाबाट गराउने गरी सम्झौता गर्न सक्नेछ । तर त्यसरी सम्झौता भएको कारणले परियोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले उन्मुक्ति पाउने छैन ।

२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले १५ दिनभित्र सो सम्झौताको प्रतिलिपि समिति समक्ष पेस गर्नु पर्नेछ ।

**४५. भुक्तानी संझौता :** अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले परियोजना निर्माण गरी गाउँपालिकालाई हस्तान्तरण गर्ने गरी वा दफा ३२ बमोजिमको शुल्क नउठाई अन्य रुपमा परियोजनामा गरेको लगानी फिर्ता पाउने गरी दफा २० बमोजिम संझौता भएकोमा गाउँपालिकाले एकमुष्ट रुपमा वा किस्ताबन्दीमा त्यस्तो रकम भुक्तानी गर्ने वा शुल्क भुक्तानी पाउने गरी संझौता गर्न सक्नेछ ।

**४६. सम्भाव्यता न्यून परिपूर्ति कोष :** १) गाउँपालिकाले संभाव्य आयको तुलनामा लागत बढी हुने परियोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्यून परिपूर्ति कोष खडा गर्नेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा गाउँपालिकाले विनियोजन गरेको रकम जम्मा गरिनेछ ।

३) उपदफा (१) बमोजिमको कोषबाट परियोजनालाई संभाव्य बनाउन आवश्यक रकम मात्र समितिको सिफारिसमा अनुदान दिइनेछ।

४) संभाव्यता न्यून परिपूर्ति कोष तथा सोको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

### समितिको गठन सम्बन्धी व्यवस्था

**४७. समितिको गठन :** १) पूर्वाधार विकास र निमार्णमा सार्वजनिक निजी साझेदारी तथा निजी लगानी परिचालनलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न देहायको समिति गठन हुनेछ :

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - उपाध्यक्ष

(ग) गाउँ सभाका सदस्यहरु मध्येबाट २ जना महिला सहित ३ जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) निजी क्षेत्रबाट कार्यपालिकाले मनोनित गरेका १ महिला सहित २ जना - सदस्य

(च) गाउँपालिका अध्यक्षद्वारा मनोनित विषय बिज्ञ १ जना - सदस्य

(छ) सम्बन्धित वडा अध्यक्ष - सदस्य

(ज) सार्वजनिक निजी साझेदारी एकाई प्रमुख - सदस्य सचिव

२) समितिले सम्बन्धित विषयमा अनुभव भएको तथा विशेष ज्ञान हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

३) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी परिचालन गर्ने स्वीकृति भए अनुसार सदस्य सचिवले अनुमतिपत्र दिनेछ।

**४८. समितिको बैठक र निर्णय :** १) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपाध्यक्षले समितिको बैठकको अध्यक्षता गर्नेछ।

४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**४९. परियोजनाको अनुगमन :** १) समितिले परियोजना कार्यान्वयनको अनुगमन गर्न सक्नेछ र त्यसरी अनुगमन गर्दा कम्तिमा एकजना महिला सदस्यलाई सहभागी गराउनु पर्नेछ।

२) उपदफा (१) बमोजिम परियोजना अनुगमन गर्ने सिलसिलामा समितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।

**५०. परियोजनाको विवरण :** १) गाउँपालिकाले समितिको सुझाव लिई दफा ३ बमोजिम कार्यान्वयन गरिने परियोजनाको पहिचान गरी सोको विवरण अद्यावधिक राख्न सक्नेछ।

२) उपदफा (१) बमोजिम विवरण राख्दा गाउँपालिकाले सर्भेक्षण भए वा नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्नेछ।

**५१. निर्देशन दिने :** समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित गाउँपालिकालाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ।

**५२. प्राविधिक समिति :** १) दफा ५३ बमोजिम गाउँपालिकाले कार्यान्वयन गर्ने परियोजनाको सम्बन्धमा सुझाव दिनका लागि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा ५ सदस्य रहेको एक प्राविधिक समिति गठन गर्नेछ ।

२) प्राविधिक समितिको अध्यक्षले गाउँपालिकाको कुनै अधिकृतलाई प्राविधिक समितिको सचिव तोक्न सक्नेछ ।

३) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद-७

विविध

**५३. परियोजनाको लागत सीमा :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि १ करोड रुपैयाँ भन्दा कम लागत भएको परियोजना यस ऐन बमोजिम गाउँपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने छैन ।

**५४. विवादको समाधान :** १) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा गाउँपालिका र अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था बीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट समाधान गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम आपसी समझादारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ।

३) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

**५५. क्षतिपूर्ति सम्बन्धी व्यवस्था :** १) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासिब रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति बापत बुझाउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति गाउँपालिकाबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपूर्ति बापतको रकम हिसाब गरी गाउँपालिकाले अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

**५६. लिज वा भाडामा दिन वा बेचबिखन गर्न सक्ने :** गाउँपालिकाले अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई आफ्नो वा गाउँपालिकाको स्वामित्वमा रहेको संस्थाको स्वामित्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेसिन, औजार वा पूर्वाधार संरचना बिक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिँदाका शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन् ।

**५७. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने :** अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले परियोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

**५८. अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहने :** प्रस्तावकले प्रस्तावसाथ पेस गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ तर प्रस्तावकको लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामका लागि प्रयोग वा प्रकाशन गरिने छैन ।

**५९. नियम बनाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक, नियम कार्यविधि, निर्देशिका बनाउन सक्नेछ ।

**६०. खारेजी र बचाउ :** यो ऐन लागू हुनु अघि सार्वजनिक निजी साझेदारीमा भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत